नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(योजना तथा अनुगमन शाखा)**

फोनः ०१.६६३१०७५
फोनः ०१.६६३३६२३
फोनः ०१.६६३५१३४

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७८।०७९
च. नं. ११६

मितिः २०७८।१०।१०

विषयः विद्यार्थीहरूका लागि कोभिड १९ विरुद्दको खोप दिने सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
सबै।

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण नेपालमा पुनः तीव्र रुपमा बढ्दै गएकोले सोको रोकथाम, नियन्त्रण, निदान र उपचार साथै खोपको प्रभावकारी वितरणसम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित गर्ने सन्दर्भमा यहि २०७८ साल माघ १५ गतेदेखि ऐ. २० गतेसम्म विद्यार्थीहरूलाई अभियानको रुपमा खोप दिने कार्यका लागि आवश्यक व्यवस्था हुन भनी गृह मन्त्रालय (विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा) को च.नं. २६० मिति २०७८।१०।०५ गतेको पत्रसहित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या २०७८।०७९ च.नं. २१७ मिति २०७८।१०।१० को पत्रबाट लेखि आएकोले उक्त अवधिमा विद्यालयले सम्बन्धित स्थानीय तह र स्वास्थ्य संस्थासँग आवश्यक समन्वय गरी विद्यार्थीहरूलाई कोभिड-१९ विरुद्दको खोप लगाउने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन यस केन्द्रको मिति २०७८।१०।१० गतेको निर्णय अनुसार अनुरोध छ।

२०७८-१०।१०

रामप्रसाद शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री स्थानीय तह
सबैः आवश्यक समन्वय र सहजीकरणका लागि अनुरोध।

*पुनश्चः गृह मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रसमेत यसैसाथ संलग्न रहेको छ।*

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:- ०७८/७९
चलानी नं.:- २९६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०७८/१०/१०

विषय: विद्यार्थीलाई खोप दिने सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी, भक्तपुर ।

गृह मन्त्रालयको च. नं. २६० मिति २०७८।१०।०५ को पत्रबाट माघ १५ गते देखि २० गतेसम्म सम्पूर्ण विद्यार्थीहरूलाई अभियानको रूपमा खोप दिने प्रयोजनका लागि आफ्ना सबै विद्यार्थीहरूलाई खोप लगाउने व्यवस्था हुन लेखि आएकाले उक्त अवधिमा खोप व्यवस्थापन कार्यमा आवश्यक समन्वय तथा सहजिकरण हुन सबै शिक्षा विकास तथा समन्वय इकाइहरुलाई निर्देशनका तहाँ केन्द्रमा लेखि पठाउने भनि मिति २०७८।१०।१० को सचिवस्तरबाट निर्णय भएकाले निर्णयानुसार हुन अनुरोध गरिन्छ । उक्त पत्रको छायाँप्रति संलग्न छ ।

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिहदरबार ।
श्री गृह मन्त्रालय
सिहदरबार ।

विदुरराज गिरी
उपसचिव

नेपाल सरकार

# गृह मन्त्रालय

विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा

फोन :९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
इमेल:bipad@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७८/७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २८०

मितिः २०७८।१०।०५

मूल दर्ता नं.:- २२३६
दर्ता मितिः- २०७८।१०।१५

विषयः खोप अभियानको लागि विद्यालय खुला राख्ने सम्बन्धमा

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

उपर्युक्त सम्वन्धमा माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८/१०/०४ गते श्रीमान् गृह सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डायन मन्त्रालय, लगायत स्वास्थ्य सेवा विभागका पदाधिकारीहरुको सहभागितामा विश्वभर महामारीको रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण नेपालमा पुनः तीव्ररूपमा बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचार साथै खोपको प्रभावकारी वितरणसम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित गर्नेलगायतका विषयमा छलफल भयो।

उक्त छलफलका क्रममा शिक्षासँग सम्बन्धित विषयमा यस अघि माघ १५ गते सम्मका लागि सम्पूर्ण शिक्षण संस्था बन्द गरिएकोमा माघ १५ गते देखि २० गते सम्म सम्पूर्ण विद्यार्थीहरुलाई खोप दिने प्रयोजनका लागि विद्यालय खुला गरी सम्पूर्ण विद्यार्थीहरुलाई खोप उपलब्ध गराउने गरी उक्त अवधिलाई खोपको प्रभावकारी वितरण अभियानको रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी संचालन गर्न तहाँ मन्त्रालयलाई सिफारिस गर्ने निर्णय भएकाले कार्यान्वयनका लागी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(सरस्वती सापकोटा)
शाखा अधिकृत

<u>सादर अवगतार्थ</u>
माननीय मन्त्रिज्यूको निजी सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

<u>बोधार्थ</u>
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिहदरवार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौ ।